नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- 490

मितिः- २०८०/०२/२१

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ७७६ र ७७५ मिति २०८०/०२/२१ को परिपत्र गरिदिने सम्बन्धी पत्र आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

गुणस्तर मापन तथा नियमन महाशाखा

☎ : ०१-४२५४७५९
website : www.mohp.gov.np

आ.व. ०७९।८०
च.नं. ८८६

मिति: २०८०।०२।२१

**बिषयः- परिपत्र गरिदिने सम्बन्धमा ।**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं ।**

प्रस्तुत विषयमा जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ मा भएको व्यवस्था बमोजिम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको र उक्त मापदण्डको दफा ७० (घ) मा अस्पतालमा उपचारको लागि आउने विपन्न, असहाय, बेवारिसे विरामीको लागि कुल शैयाको १० (दश) प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा गराउनु पर्नेछ भनी उल्लेख भएको कानूनी व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धी यस मन्त्रालयको पत्र तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिन अनुरोध गर्ने नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०८०।०२।२१ को निर्णयानुसार स्थानीय तहहरुमा परिपत्र गरिदिनु हुन अनुरोध छ ।

एकदेव खनाल
उप सचिव

नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
गुणस्तर मापन तथा नियमन महाशाखा

: ०१-४२५४७५९
website : www.mohp.gov.np

आ.ब. ०७९।८०
च.नं. ६६५

मिति: २०८०।०२।२१

**बिषयः- विपन्न, असहाय, बेवारिसे विरामीहरुको उपचार व्यवस्थापन सम्बन्धमा ।**

**श्री स्थानीय तह सबै,**

प्रस्तुत विषयमा जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ मा भएको व्यवस्था बमोजिम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ । यस मापदण्डको दफा ७० (घ) मा "अस्पतालमा उपचारको लागि आउने विपन्न, असहाय, बेवारिसे विरामीको लागि कुल शैयाको १० (दश) प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा गराउनु पर्नेछ" भनी उल्लेख भएकोले यस कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहन बहादुर बस्नेतज्यूको वहालीसँगै मन्त्रालयले सबै अस्पताल (सरकारी/निजी) हरुको अनुगमन गर्ने कार्यलाई तिव्रता दिदै आएको हुँदा माननीय मन्त्रीस्तरकै मिति २०८०।२।१९ को निर्णयानुसार अर्को व्यवस्था नभएसम्मको लागि ऐन तथा मापदण्डमा भएको विपन्न, असहाय र बेवारिसे बिरामीको सिफारिस सम्बन्धित स्थानीय तहका वडा कार्यालयबाट गर्ने गराउने र सो सिफारिसको साथै यस पूर्व नेपाल सरकारका निकायबाट जारी भएको गरीब पहिचान परिचयपत्र समेतलाई आधारमानी अस्पतालहरुले स्वीकृत कुल शैयाको १० (दश) प्रतिशत शैयामा त्यस्ता विरामीहरुलाई निःशुल्क उपचार हुने व्यवस्था मिलाउनु हुन तथा त्यसको अनिवार्य अनुगमन गर्नु गराउनु हुन अनुरोधका साथै यस मन्त्रालयबाट समेत नियमित अनुगमन हुने व्यहोरा अनुरोध छ ।

८०।२।२१

एकदेव खनाल
उप सचिव